जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २९८ • २०८२ भदौ १ गते आईतवार • 17 Aug. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

हार्दिक शुभकामना
श्री कृष्णजन्माष्टमीको शुभ अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



जलेश्वरटुडे रा.दैनिक र अनलाइन

## कृष्ण जन्माष्टमी पर्व देशभर भगवान् श्रीकृष्णको पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाइदै



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३१ श्रावण**

भाद्र कृष्ण अष्टमीका दिन मनाइने कृष्ण जन्माष्टमी पर्व आज देशभर भगवान् श्रीकृष्णको पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाइँदैछ ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापर युगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले यस दिनलाई ‘श्रीकृष्ण जन्माष्टमी’ र रातलाई ‘मोहरात्री’ भनिन्छ। यस अवसरमा देशभरका कृष्ण मन्दिरमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्नाका साथै श्रद्धालु भक्तजनहरु व्रत बसी रातभर जाग्राम बस्ने गर्छन्। यस अवसरमा पाटनको मंगलबजार स्थित प्रसिद्ध कृष्ण मन्दिरलगायत देशभरका कृष्ण मन्दिरहरुमा विशेष मेला लाग्ने गर्दछ ।

अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौँ अवतार एवं वसुदेव र देवकीको आठौँ गर्भका रुपमा जन्मिएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेको शास्त्रीय वर्णन। कुरुक्षेत्रमा कौरवसँगको लडाइँमा संलग्न पाण्डव मध्येका अर्जुनलाई उपदेश दिने क्रममा स्वयं कृष्णको मुखबाट व्यक्त ‘श्रीमद्भागवतगीता’ हिन्दूहरूको पवित्र ग्रन्थ हो ।

## नव जीवन साना किसान कृषि सहकारी संस्थाले दुध संकलन केन्द्रसहितको डेरी सञ्चालनमा ल्याए

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३१ श्रावण**




महोत्तरीको गौशाला नगर पालिका-६, फुलकाहामा नव जीवन साना किसान कृषि सहकारी संस्थाले दुध संकलन केन्द्रसहितको डेरी सञ्चालनमा ल्याएको छ। सहकारीले विश्व बैंकको आर्थिक सहयोगमा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत सञ्चालित रिड आयोजना र आर्थिक कोरिडोर को सहकार्यमा डेरी स्थापना गरेको हो।

डेरीको उद्घाटन मधेश प्रदेशका पूर्व अर्थमन्त्री भरत प्रसाद साहले दुधको फ्याट नापेर गरे । कार्यक्रममा संस्थाका अध्यक्ष रामरतन रायले किसानको दुध उचित मूल्यमा संकलन र समयमै भुक्तानी गर्नु संस्थाको मुख्य उद्देश्य भएको बताए । माओवादी केन्द्रका केन्द्रीय नेता सूर्यनारायण साहले डेरी किसानको आर्थिक उपलब्धिका लागि महत्त्वपूर्ण कदम भएको उल्लेख गर्दै सहुलियतमा सामग्री वितरण र नयाँ योजनाहरू ल्याइने जानकारी दिए।

उनले स्मरण गरे कि यसअघि संस्थाले किसानलाई ७७ वटा भैंसी वितरण गरिसकेको छ। आर्थिक कोरिडोर बर्दिवासका प्रमुख राजेश साहले भैंसी वितरण र दुध संकलनमार्फत किसानलाई स्थायी आम्दानीको स्रोत विकास गर्न सहकारी सक्षम भएको बताए । संस्थाका सल्लाहकार डा. सुरेन्द्र यादवले शहरको पैसा गाउँमा ल्याउन र देशको उत्पादनलाई अन्तर्राष्ट्रिय बजार सम्म पुऱ्याउन यस्ता दिगो व्यवसाय आवश्यक रहेको धारणा व्यक्त गरे। पूर्व मन्त्री साहले नयाँ फ्याट नाप्ने उपकरणको प्रयोगले किसानलाई ठगीबाट जोगाउने र बिचौलियाको अन्त्य गर्ने विश्वास व्यक्त गरे। उनले ३६ प्रतिशत ब्याजदरको अन्त्य गर्दै सहकारीलाई रिसोर्स सेन्टरको रूपमा विस्तार गर्नु सकारात्मक कदम भएको बताए। यो डेरीले किसानको दुधलाई समयमै उचित मूल्यमा खरिद गर्ने, फ्याटको आधारमा मूल्य निर्धारण गर्ने र गाउँमै आम्दानीका अवसर सृजना गर्ने अपेक्षा गरिएको छ।

## मधेस ‘ड्रग्स’ को चपेटामा पर्दै गएको: प्रधानमन्त्री केपी शर्मा ओली



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३१ श्रावण**

प्रधानमन्त्री केपी शर्मा ओलीले मधेस ‘ड्रग्स’ को चपेटामा पर्दै गएको बताएका छन्।

मधेस प्रदेश प्रहरीको नयाँ प्रशासनिक भवनको शुक्रबार उद्घाटन समारोहमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यस्तो बताएका हुन् । किसानका लागि राहतको प्याकेज र प्रहरी समायोजनको बारेमा सम्बोधन गर्नका लागि मुख्यमन्त्री सिंहले गरेको आग्रहको साँटो प्रधानमन्त्री ओलीले यस्तो टिप्पणी गरेका हुन्। प्रधानमन्त्री ओलीले आफूले पाएको जानकारी अनुसार मधेसका युवाहरू ड्रग्सको कुलतको सिकार भइरहेको रिपोर्ट पाउने गरेको बताए। उनका अनुसार खासगरी मधेस भारतसँगको खुल्ला सिमाना छ, जसकारण युवाहरू सजिलै ड्रग्स ल्याएर त्यसको सिकार भइरहेका छन्। उनले ड्रग्ससँगै मधेसमा चोरीपैठारी पनि उत्तिकै भइरहेको प्रधानमन्त्री ओलीले बताए। प्रधानमन्त्री ओलीले भने, ‘तर यी सबै घटनामा मधेसमा निर्दोष व्यक्तिहरूलाई फसाउने गरिएको पाइएको छ, कारोबारी उम्किने गरेका छन्। जुन सुशासन होइन। यी सबै गतिविधिलाई प्रहरीले निस्तेज पार्नुपर्छ।’ बोर्डरबाट नाजायज फाइदा लिनेहरूलाई तत्काल तह लगाउन प्रधानमन्त्री ओलीले प्रहरीलाई निर्देशन समेत दिए। प्रहरी समायोजन र मधेसका सुक्खाग्रस्त क्षेत्रबारे मुख्यमन्त्री सिंहले गरेको आग्रहलाई भने प्रधानमन्त्रीले बेवास्ता गरे । प्रधानमन्त्रीले आफ्नो सम्बोधनमा मुख्यमन्त्रीले उठान गरेको विषयमा केही बोलेनन्। प्रधानमन्त्रीले कुनै चासो नदेखाएपछि प्रदेशमा केही राहत नमिल्ने आकलन समेत गरिएको छ। २३ करोड ५४ लाख ८८ हजार ९११ रुपैयाँको लागतमा मधेस प्रदेश प्रहरी कार्यालयको नयाँ प्रशासनिक भवनको निर्माण गरिएको छ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence




औषधि प्रयोग गर्दा ध्यान दिऔं

- मान्यताप्राप्त स्वास्थ्कर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## स्वदेशमै रोजगारी सृजना गर

सरकारले वैदेशिक रोजगारीका लागि १ सय ११ देशहरुलाई स्वीकृत दिएको देखिन्छ। व्यक्तिगत रूपमा गएका मुलुकहरूलाई समेत हेर्दा १ सय ७२ देशमा नेपाली पुगेका छन। रोजगारीका लागि लाखौं नेपाली बिदेसिनुपर्ने बाध्यताबाट आर्जित विप्रेषणले मुलुकको कुल गार्हस्थ्य उत्पादनमा करिब ३० प्रतिशतको योगदान रहेको अर्थविद्हरूको दाबी रहेको देखिन्छ। यस आवको पछिल्लो १० महिनामा १३ खर्ब ५६ अर्ब ६१ करोड रकम विप्रेषणको रूपमा नेपाल भित्रिएको देखिन्छ। राष्ट्रिय अर्थतन्त्रमा विप्रेषणको यति ठूलो योगदान हुँदाहुँदै पनि वैदेशिक रोजगारीबाट फर्किएका नेपालीले विदेशमा रहँदा आर्जन गरेको सीप, दक्षता, ज्ञानजस्ता खुबीलाई राज्यले प्रयोगमा ल्याउन नसकेको देखिन्छ। विप्रेषणरूपी ठूलो धनराशि देशमा भित्रियो भन्दैमा खुसी हुनुपर्ने अवस्था पनि नरहेको देखिन्छ।

किनभने जीवनको सबैभन्दा बढी ऊर्जाशील उमेरका युवा अहिले खाडीलगायत विश्वका विभिन्न मुलुकमा पसिना बगाउन बाध्य छन् भने गाउँबस्तीहरू उजाड बन्दैछन् अनि खेतीयोग्य जमिनहरू बाँझो बन्दैछ। जुनसुकै कारणले विदेश जान बाध्य भए पनि स्वदेश फर्किएका नेपालीको ज्ञान, सीप, पुँजी र अनुभवलाई उपयोग गरी समृद्ध नेपाल निर्माण गर्न राज्यले ठोस योजना बनाउन जरुरी रहको देखिन्छ। हाल नेपालबाट दैनिक २५ सय जना विदेश जाने गरेको र दैनिक १२ सय जना स्वदेशबाट फर्किने गरेको तथ्यांकहरु रहेको देखिन्छ। अन्तमा बैदेशिक रोजगारीमा जानुपर्नेहरुको ज्ञान, शिप, क्षमता अनुसारको रोजगारको सृजना राज्यले स्वदेश भित्रै गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

# मधेश प्रदेशमा करेन्ट लागेर मृत्यु हुनेको सङ्ख्या बढ्दै

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३१ श्रावण**

विद्युतिय सुरक्षामा सावधानी नअपनाउँदा मधेश प्रदेशमा करेन्ट लागेर मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको छ। करेन्ट लागेर मृत्यु भएकाहरुमध्ये अधिकांश किसान नै रहेको तथ्याङ्कले देखाएको छ। पर्याप्त पानी नपर्दा सिँचाइका लागि विद्युतीय मोटर प्रयोग गरिने क्रममा असावधानीका कारण करेन्ट लागेर खेतमै ज्यान गुमाउने किसानको सङ्ख्या अधिक रहेको पाइएको छ।


मधेश प्रदेशका आठ वटै जिल्लामा धान खेती समयमा पानी कम हुँदा वा वर्षा नहुँदा बोरिङ, नहर, कुलो, पैनी, पोखरी, नदीमा पानी तान्ने मोटर लगाएर खेत सिँचाइ गर्ने बाध्यात्मक अवस्था रहेको छ। खेतमा सिँचाइ जस्तै घरको चापाकलमा पानी तान्न जडान गरिएको मोटरबाट करेन्ट लागेर पनि मृत्यु भइरहेको घटनाहरू केही बाहिर आउने गरेका छन्। करेन्ट लागेर किसानको मृत्यु:



यही साउन २३ गते धनुषाको धनुषाधाम नगरपालिका-३, तेजनगर बस्ने वर्ष ४५ का शिवजी मण्डलको खेतमा करेन्ट लागेर मृत्यु भएको छ। यस्तै, सोही दिन सप्तरीको रूपनी गाउँपालिका-३, कटैयामा ४२ वर्षीय शम्भुकुमार इसरको पनि करेन्ट लागेर मृत्यु भयो।

यसअघि साउन १८ गते रौतहटको इशनाथ नगरपालिका-८, मंसरी टोलबस्ने ५५ वर्षीय शेख जफिरको धान खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर मृत्यु भएको थियो। साउन ७ गते धनुषामा खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर हंसपुर नगरपालिका-३, मलहनिया बस्ने ६० वर्षीय असर्फी महराको मृत्यु भयो। साउन १४ गते सिराहा नगरपालिका-१०, नरहिया बस्ने ४५ वर्षीया सविता कामतीको आफ्नै घरमा बत्ती बाल्ने क्रममा करेन्ट लागेर मृत्यु भयो। साउन १० गते सप्तरीको खडक नगरपालिका-११ का ५८ वर्षीय मो युनुस मियाँ, साउन ३ गते अग्निसाइर कृष्णासवरन गाउँपालिका-४, टेङ्गरीमा ७० वर्षीय श्रीमती उर्मीलादेवी यादवको खेतमा पानी पटाउने क्रममा करेन्ट लागेर मृत्यु भयो। यसैगरी, साउन ९ गते सप्तरीको रूपनी गाउँपालिका-२, पौवा टोलमा दम्पत्ति ४७ वर्षीय बालेश्वर खङ्ग र ४५ वर्षीया श्रीमती रामकुमारी खङ्गको आफ्नै सिटी रिक्सा चार्ज गर्ने क्रममा करेन्ट लागेर मृत्यु भएको छ। यस्तै, साउन ८ गते रौतहटको मौलापुर नगरपालिका-७ निवासी एवम् प्रवक्ता चन्द्रेश्वर बैठाको खेत सिँचाइ गर्ने क्रममा करेन्ट लागेर मृत्यु भएको छ। ७ गते माधव नारायण-४, बिसनपुर्वा मानपुर बस्ने ४० वर्षीय रामबाबु मुखिया, कटहरीया-२, जमुनिया टोलका ५२ वर्षीय मोक्तार देवानको पनि खेतमा पानी लगाउने क्रममा करेन्ट लागेर मृत्यु भएको छ।

## सर्पदंशबाट महिलाको मृत्यु



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ३१ श्रावण**

सप्तरीको खडक नगरपालिकामा सर्पदंशबाट एक वृद्ध महिलाको मृत्यु भएको छ। नगरपालिकाको वडा नम्बर-९, लालपट्टी घर भएकी ७० वर्षीया भुलुरबती साहको सर्पदंशबाट मृत्यु भएको हो। शुक्रबार साँझ करिब ६ बजे आफ्नै खेतमा पानी पठाउने क्रममा सर्पले उनको बाँया हातमा टोकेको परिवारले जनाएको छ।

घाइते साहलाई तत्कालै श्रीबरख गण सर्पदंश उपचार केन्द्र, कल्याणपुर ल्याइएको र सामान्य उपचारपछि थप उपचारका लागि सिराहाको कर्जन्हास्थित फुलकुमारी महतो मेमोरियल अस्पताल लगिएको थियो। अस्पतालमा शुक्रबार राति चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो। मृतकको शव सोही अस्पतालमै राखिएको र घटनाबारे जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय कल्याणपुरबाट प्रहरी टोली खटिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।



हार्दिक शुभकामना
श्री कृष्णजन्माष्टमीको शुभ अवसरमा सम्पूर्ण पालिकाबासी,जनप्रतिनिधि, कर्मचारी तथा शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियां गाउंपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: मनमा पछुतो आउने
मिथून: खानपानमा समस्या आउने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: आम्दानी हुने
कन्या: लामो यात्राको योग छ
तुला: अनावश्यक चिन्ता
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: शुभ कार्यको शुरुवात
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पुटिनसँगको वार्तापछि ट्रम्पको अन्तर्वार्ता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ श्रावण**




अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा युद्धविरामको जिम्मेवारी अब युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलिन्स्कीको हातमा रहेको बताएका छन्। शुक्रबार अलास्कामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भेटपछि फक्स न्युजसँगको अन्तर्वार्तामा ट्रम्पले चाँडै नै आफू, पुटिन र जेलिन्स्कीबिच त्रिपक्षीय बैठक हुने संकेत गरे।

'अब यो पूरा गर्ने जिम्मा राष्ट्रपति जेलिन्स्कीको हो,' ट्रम्पले भने, 'हामीले जेलिन्स्की, पुटिन र मलाई समेट्ने बैठकको तयारी गर्दैछौं।' सम्झौतामा अवरोध भइरहेका बुँदाबारे विस्तृत खुलासा गर्न अस्वीकार गर्दै उनले केवल 'के गर्न सकिन्छ भनेर हेर्ने' इच्छा व्यक्त गरे। सम्झौता शुक्रबार टुङ्गिन नसके पनि उनले वार्तालाई सफल ठहर गर्दै बैठकलाई १० मध्ये १० अङ्क दिए–'यो अर्थमा कि हामी निकै राम्रोसँग मिल्यौं।' ट्रम्पका अनुसार, पुटिनसँगको वार्तामा युक्रेन युद्ध अन्त्य गर्नका लागि भूमि अदलाबदली र अमेरिकाबाट युक्रेनका लागि सुरक्षा आश्वासन दिने विषयमा 'धेरैजसो सहमति' भएको छ। उनले भने, 'हामी धेरै कुरामा सहमत भएका छौं, बैठक न्यानो माहौलमा भयो।' उनले पुटिनलाई उनले 'बलियो र कडा नेता' भनेका छन्। ट्रम्पले भने, 'हामी युद्ध अन्त्यको धेरै नजिक छौं, तर अन्ततः युक्रेनले यसमा सहमत हुनुपर्छ।'

# घटबढ हुँदै विदेशी मुद्राको विनिमय दर, कसको कति ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ श्रावण**



नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्कअनुसार अमेरिकी डलर एकको खरिदर १३९ रुपैयाँ ७९ पैसा र बिक्रीदर १४० रुपैयाँ ३९ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिदर १६३ रुपैयाँ ३९ पैसा र बिक्रीदर १६४ रुपैयाँ ०९ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १८९ रुपैयाँ ५७ पैसा र बिक्रीदर १९० रुपैयाँ ३८ पैसा, स्विस फ्याङ्क एकको खरिददर १७३ रुपैयाँ ४७ पैसा र बिक्रीदर १७४ रुपैयाँ २१ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ०५ पैसा र बिक्रीदर ९१ रुपैयाँ ४४ पैसा, क्यानेडियन डलर एकको खरिदर १०१ रुपैयाँ ३७ पैसा र बिक्रीदर १०१ रुपैयाँ ८० पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रुपैयाँ ०१ पैसा र बिक्रीदर १०९ रुपैयाँ ४८ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिदर नौ रुपैयाँ ५१ पैसा र बिक्रीदर नौ रुपैयाँ ५५ पैसा, चिनियाँ युआन एकको खरिदर १९ रुपैयाँ ४७ पैसा र बिक्रीदर १९ रुपैयाँ ५६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ २६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४२ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ३५ पैसा र बिक्रीदर ३८ रुपैयाँ ५२ पैसा कायम भएको छ।

# जलेश्वर-१० बालविवाहमुक्त वडा घोषित

**आरजे ईर्शाद शेख**
**महोत्तरी, ३१ श्रावण**




जलेश्वर नगरपालिका-१० लाई शनिबार एक विशेष समारोहका बीच "बाल विवाहमुक्त वडा" को रूपमा औपचारिक रूपमा घोषणा गरिएको छ। बाल अधिकार संरक्षण तथा लैङ्गिक समानता प्रवर्द्धनका लागि स्थानीय स्तरमा यो कदमलाई ऐतिहासिक परिवर्तनको संकेत मानिएको छ। समारोहको उद्घाटन मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले गरेका थिए। उनले बाल विवाहलाई समाजको विकासमा गम्भीर बाधक बताउँदै भने, विवाह समयमै हुनु आवश्यक छ। कम उमेरमा गरिने विवाहले बालबालिकाको भविष्य अन्धकारमय बनाउँछ। शिक्षामा जोड दिई मात्र समाज अघि बढ्न सक्छ।"कार्यक्रममा रतौली युवा क्लबका कार्यकारी निर्देशक बैधनाथ चौधरीले बाल विवाहलाई "भयावह रोग" को संज्ञा दिँदै यसको अन्त्यका लागि क्लब निरन्तर सक्रिय रहने प्रतिबद्धता जनाए। यस विरुद्धको अभियानमा सबै तहको ऐक्यबद्धता आवश्यक रहेको बताए। बाल विवाह हुने विवाहमा सहभागी नहुने संकल्प हामी सबैले यहीँबाट गर्नुपर्छ," उनले जोड दिए। वडाध्यक्ष तथा वडास्तरीय बाल अधिकार समितिका संयोजक विकाउ दास कथबनियाले भने घोषणामात्र पर्याप्त नभई त्यसलाई व्यवहारमा उतार्न समुदायको सक्रियता अपरिहार्य रहेको बताए। उनका अनुसार वडा-१० लाई अब नमुना वडा बनाउने अभियानमा सबैको साथ र सहकार्य आवश्यक छ। समारोहका अवसरमा रतौली युवा क्लबले जलेश्वर नगरपालिकाको बाल कोष व्यवस्थापनका लागि २ लाख रुपैयाँको चेक हस्तान्तरण गरेको छ। यो चेक उप-प्रमुख रोशन खातुनलाई प्रदान गरिएको हो। प्राप्त जानकारीअनुसार, उक्त रकम जोखिममा परेका बालबालिकाको संरक्षण र सहयोगका लागि खर्च गरिनेछ। नगरपालिकाले सो रकम बाल कल्याणका क्षेत्रमा प्राथमिकताका साथ प्रयोग गर्ने जनाएको छ। यो कार्यक्रम ग्क्ब्क्म, सेभ द चिल्ड्रेन, रतौली युवा क्लब, महिला जागरण समाज महोत्तरी, र जलेश्वर नगरपालिकाको संयुक्त आयोजनामा सम्पन्न भएको हो।कार्यक्रममा मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डल प्रमुख अतिथि थिए भने प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसाल, नगर उप-प्रमुख रोशन खातुन, रतौली युवा क्लबका कार्यकारी निर्देशक बैधनाथ चौधरी, नेकपा एमालेका नेता राम आधार कापर, नेपाली कांग्रेसका नेता बजरंग नेपाली लगायत विभिन्न राजनीतिक दलका नेता, समाजसेवी, पत्रकार, र स्थानीय युवाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।


# नेपाल बंगलादेश 'ए' सँग पराजित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ श्रावण**

अस्ट्रेलियाको नर्दन टेरिटोरीमा जारी 'टप एन्ड टी-२०' सिरिजमा नेपाल बंगलादेश 'ए' टोलीसँग पराजित भएको छ। नेपालको यो लगातार दोस्रो हार हो। यसअघि शुक्रबार भएको पहिलो खेलमा नेपाल एनटी स्ट्राइकसँग ४२ रनले पराजित भएको थियो।

अस्ट्रेलियाको डार्विनस्थित मरारा क्रिकेट मैदान-२ मा शनिबार भएको खेलमा नेपाल बंगलादेशसँग २९ रनले पराजित भएको हो। बंगलादेशले जितका लागि दिएको १८४ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १५४ रनमा समेटियो। नेपालका लागि कुशल मल्लले सर्वाधिक ५९ रनको योगदान दिए। उनले ४७ बलमा छ चौका र एक छक्काको सहयोगमा अविजित ५९ रनको योगदान गरेका हुन्। आसिफ शेखले २४ बलमा २८ रन बनाउँदा लोकेश बमले १० बलमा तीन चौका प्रहार गर्दै १५ रन बनाए भने कप्तान रोहित पौडेलले १० रन जोडे।

बलिङतर्फ राकिबुल हसनले तीन विकेट लिए भने सेफ हसन, रिपोन मण्डल र मृत्युन्जय चौधरीले समान एक/एक विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको बंगलादेशले निर्धारित २०



ओभरमा छ विकेट गुमाएर १८३ रनको योगफल बनाएको थियो। बंगलादेशका लागि ओपनर जिशाद आलमले सर्वाधिक ७१ रन बनाए भने अफिफ होसेनले अविजित ४८ रन बनाए। नेपालका लागि रिजन ढकालले दुई विकेट लिए भने नन्दन यादव, करण केसी र सन्दीप लामिछानेले समान एक/एक विकेट लिए।







# जबज, आन्तरिक लोकतन्त्र र एमालेको शक्ति


-हिन्दु धर्म होस् या बुद्ध। दुवैमा मन्त्र दिने चलन छ। ब्रतबन्ध अथवा नेवार समुदायको न्हिकँ वा देखा दिने बेला पुजारी, पण्डित या गुरुले कानमा मन्त्र फुक्छन्। मन्त्र दिदा अरुले नसुनोस् भनेर कपडाले छोपिन्छ। मन्त्र राम्रोसँग नबुझे वा बिर्सेमा जति बुझेको छ, आफ्नो जप, ध्यान र तपस्यामा त्यही कुरा भन्ने गर्छन्। तर मन्त्रको अर्थ बुझेका हुँदैनन्। आजको नेकपा एमालेमा मदन भण्डारीले अगाडि सार्नु भएको जनताको बहुदलीय जनवाद (जबज) पार्टी नेता-कार्यकर्ता माझ त्यही मन्त्रको हालत बनेको छु। जुन कार्यक्रममा जाँदा पनि सिद्धान्त भनेर उच्चारण गरिरहेका हुन्छन्।

शब्द उच्चारण गरे बापत आफूलाई मदन भण्डारीको सच्चा भक्त, बिँडो थाम्ने उत्तराधिकारी बनेको अनुभव गर्छन्। तर जबज सिद्धान्त हुँदा त्यसका मूल विषयबस्तु के हुन् ? अहिलेको राजनीतिक-सामाजिक व्यवस्थालाई कसरी मार्गदर्शन गरिरहेको छ ? यिनका बिषयबस्तु व्यवहारमा सही ढंगले उतारिएको छ कि छैन ? मेरा यी प्रश्नहरूको जवाफ पाउन एमालेबाट प्रकाशित केही सामाग्री अध्ययन गरेकी छु। मैले त्यसबारे सबै जानें, बुझें भन्ने दाबी गर्न सक्दिनँ। त्यसको लागि अझै अध्ययन गर्नु जरुरी छ। जबजको पृष्ठभूमि र एमालेको दायित्व: दोश्रो विश्व युद्धपछि पूँजिवादी शक्तिहरूले अन्तर्विरोधको बाबजुद विभिन्न सुधार मार्फत आफूलाई सुदृढ तुल्याउँदै गए। अमेरिका शक्ति राष्ट्रको रुपमा उदय भयो। सन् ७० को दशकबाट अमेरिकाको नेतृत्वमा नवउदारवादी नीति अगाडि बढ्यो। विश्वका देशहरू कोर र पेरिफेरि भनेर परिभाषित गरिए। अमेरिका लगायत पश्चिमी विकसित पूँजिवादी मुलुकहरू कोर र बाँकी विश्वलाई पेरिफेरि भनियो। पेरिफेरि मुलुकहरूबाट कच्चा सामान र सस्तो श्रमशक्ति आपूर्ति गर्ने र कोर मुलुकले दक्ष जनशक्तिद्वारा उत्पादित बस्तुहरू पेरिफेरि मुलुकहरूको बजारसम्म बिस्तार गर्ने। यो नीति सबै मुलुकलाई स्वीकार्न बाध्य पारियो।

त्यसबारे राष्ट्रिय कानून बनाउन र राष्ट्रहरूमा लागू गर्न विश्व बैंक, आईएमएफ जस्ता बहुराष्ट्रिय निगमलाई परिचालित गरियो। उनीहरूले तयार गरेको मापदण्ड अनुसार दिनको १ अमेरिकी डलर भन्दा कम आम्दानी गर्ने व्यक्तिहरु गरिबीको रेखामुनि रहेको मूल्याँकन गरे। त्यही मूल्यांकनको आधारमा पहिलो, दोश्रो र तेश्रो विश्वको रुपमा विश्वका मुलुकहरूलाई विभाजित गरे। विश्व अर्थव्यवस्था तथा विश्वव्यापीकरणको यो व्यवस्थाको विरुद्धमा फिलिपिन्स लगायत पूर्वि एशिक्षाका कैयौँ मुलुकहरूमा आन्दोलनहरू भए, तर सफल हुन सकेनन्। नेपालले सन् १९८४ मा तत्कालीन अर्थमन्त्री प्रकाश चन्द्र लोहनीले संरचनागत सुधार कार्यक्रम (क्तचगअतगचबा ब्मवगकक्तभलत एचयनचक) लागू गरे। तत्पश्चात नेपालले नीजिकरण र उदारीकरणको नीति अबलम्वन गर्‍यो। त्यस्तो राष्ट्रिय र अन्तराष्ट्रिय परिवेशमा नेपालमा कम्युनिष्ट पार्टीलाई बचाउने, हुर्काउने र अघि बढाउने काम चुनौतीपूर्ण थियो। राजाको नेतृत्वमा रहेको पंचायत व्यवस्थाविरुद्ध ३० वर्षसम्म संघर्ष गरे पश्चात प्राप्त राजनीतिक स्वतन्त्रता, बहुदलीय व्यवस्था, जनताले स्वतन्त्र रुपमा प्रतिनिधि छान्न पाउने प्रणाली लगायत उपलब्धि बचाउनु पनि आवश्यक थियो। ठीक त्यही बेला एमालेले जबज निम्न पृष्ठभूमिमा आएको देखिन्छ। सोभियत संघ र चिनियाँ कम्युनिष्ट पार्टीहरूको उदाहरण दिँदै विरोधीहरूले गरेका प्रचार र विश्व कम्युनिष्ट आन्दोलनमा देखा परेका बहुदलीय प्रतिपर्धा नगर्ने, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमत प्रतिपक्षमा नरहने र कम्युनिष्ट पार्टीहरू एकदलीय तथा अधिनायकवादी भनेर लगाउने आरोप र असफलताहरूबाट सिक्दै सिद्धान्तको प्रादुर्भाव गरेको देखिन्छ। खासगरी सोभियत संघको कम्युनिष्ट सिद्धान्तलाई जस्ताको तस्तै लागू गर्न खोज्दा धेरै मुलुकका कम्युनिष्ट पार्टीहरू असफल बन्न पुगे। अरु मुलुकको राजनीतिक, आर्थिक र सामाजिक पृष्ठभूमिमा तयार सिद्धान्त र कार्यक्रम जस्ताको तस्तै आफ्नो मुलकमा लागू नगरिकन देशको विशिष्टताका आधारमा निर्माण हुनु पर्दछ। यसै बिशिष्टताका आधारमा कम्युनिष्टहरू एकदलीय सिद्धान्तको पक्ष पोषक होइन भन्ने प्रमाणित गर्न जबज प्रतिपादन भएको देखिन्छ।

नेपाल जाती, भाषा, संस्कृतिले विविधता भएको समाज भएको र केबल वर्गीय र राजनीतिक द्वन्द्वमा मात्र सीमित नभई, जातीय, लैंगिक, क्षेत्रीय असमानता र मतभेदको सम्बोधन गर्नु पनि एक चुनौतीपूर्ण जिम्मेवारी थियो। विभिन्न क्षेत्रका यस्ता अन्तर्विरोधहरू समाधानका लागि संविधानले परिभाषित गरी सम्बोधन गर्नु आवश्यक छ। राज्यव्यवस्थामा रहेका विभिन्न राजनीतिक दृष्टिकोणको बीचमा संविधान सम्मत ढंगले प्रतिस्पर्धा हुन दिनु पर्दछ। संबिधानले निषेध गरेका बाहेक अरु सबै वर्गीय एवं राजनीतिक आर्थिक विविधताहरूलाई प्रकट हुन दिने अवसर दिनु पर्दछ र प्रतिस्पर्धा गर्ने मौलिक हकलाई बन्देज गर्नु हुँदैन भन्ने आधारमा पनि सिद्धान्तको प्रतिवादन भएको हो। मदन भण्डारीको अगुवाईमा २०४६ सालको तत्कालीन नेकपा (माले) को चौथो राष्ट्रिय महाधिबेशनले पहिलो पटक सुस्पष्ट रुपमा जनताको जनवादी व्यवस्थामा पनि बहुदलीय प्रतिस्पर्धाको पद्धति अपनाउने बिषयलाई संस्थागत गर्यो। र, २०४७ मा नेकपा (माले) र नेकपा (मार्क्सवादी) एकीकृत भएपछि जबज कायम गर्दै एकदलीयतालाई अस्वीकार गरिएको छ। सोहि सालको पार्टी एकताको प्रस्तावमा बहुदलीय प्रतिस्पर्धामा आधारित जनताको बहुदलीय व्यवस्था स्थापना गर्नु आजको न्यूनतम लक्ष्य हो भनेको छ। जबजले अगाडि सारेका नीतिहरूलाई अध्ययन गर्ने हो भने हामीले निम्न कुरा पाउन सक्दछौं। सामन्तवाद र साम्राज्यवादी शक्तिहरूलाई बहुदलीय प्रतिस्पर्धाबाट परास्त गर्ने अन्तर्राष्ट्रिय सर्वहारावादी शक्तिहरूको समन्वय र शक्ति पुरानो अवस्थामा नरहेको र विश्वमा देखिएको नयाँ परिस्थिति अनुसार चल्नु आवश्यक छ।

साभार : अनलाईन खबर।




## मधेस प्याब्सनद्वारा शिक्षा तथा खेलकुद विकास शाखा प्रमुख उपसचिव धीरेन्द्र लाल कर्णलाई सम्मान


बायाँबाट मधेस प्याब्सनको केन्द्रीय अध्यक्ष प्रा. अमरेन्द्र कुमार झा र दायाँबाट सचिव प्रा.पवन कुमार साह




अनुरोधकर्ता
सम्सी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश







अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday